# महाकुलुङ गाउपालिका

## स्थानीय राजपत्र

महाकुलुङ गाउपालिकाद्धारा प्रकाशित

खण्ड ४  संख्या २ चैत्र १० गते २०७८ साल

भाग २

महाकुलुङ गाउपालिकाको सूचना

गाउ कार्यपालिकावाट स्वीकृत मिति २०७८।१२।८

# महाकुलुङ गाउँपालिकाको महिला समुह सञ्चालन कार्यविधि, २०७८

प्रस्तावना :

सामुहिक प्रयासबाट महिलाको हित प्रबर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जन वृद्धि गर्न महिलाहरुको हक हितको रक्षा गर्न ,राज्य सयन्त्रप्रति महिलाको पहुँच स्थापित गर्न, समग्र  महिलाको उथ्थान गरि समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी एक टोल विकास संस्था, एक महिला समुह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानिय सरकार सञ्चान ऐन, २०७४ को मर्म  अनुरुप स्थानिय सेवाको अधिकतम उपयोग गर्न महाकुलुङ गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षित नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "महाकुलुङ गाउँपालिकाको महिला समुह सञ्चालन कार्यविधि,२०७८" रहेको छ

(२) ) यो कार्यविधि महाकुलुङ गाउपालिकाको राजपत्रमा प्रकासित भएको मितिवाट प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

महाकुलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
प्रदेश, नेपाल

(क)"अध्यक्ष" भन्नाले महाकुलुङ गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ख) "वडाध्यक्ष" भन्नाले महाकुलुङ गाउँपालिकाको वडा अध्क्षलाइ जनाउँछ।

(ग) "प्रमुख प्रशासकयि अधिकृत"भन्नाले महाकुलुङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउछ।

(घ)"महिला"भन्नाले महाकुलुङ गाउँपालिकाको २० बर्ष उमेर पुरा भएका ६० बर्ष ननाघेका वयस्क एंव विबाहित महिलालाई जनाउँछ। सो शब्दले एकल महिला समेतलाई जनाउँछ।

(ङ) "गाउँपालिका" भन्नाले महाकुलुङ गाउँपालिकालाई जनाउछ।

(च) "कार्यपालिका" भन्नाले माहाकुलुङ गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ।

**३.उद्देश्य:**

महिला समुह सञ्चालनको मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन्।

(क) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा महिलाको पहुच अभिवृद्धि गर्न ,

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउन,

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्न,

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्न,

(ङ) महिला समुहलाई वडा समितिको मातहतमा रहने गरी सहभागितामुलक योजना तर्जूमा, अनुगमन तथा मुल्याकंनमा सहभागि गराउन,

(च) महिलाको सामाजिक सास्कृतीक आर्थिक, शैक्षिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउन,

(छ) महिलाको सामाजिक सास्कृतीक आर्थिक, शैक्षिक लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुष सरह पँहुच योग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउन,

(ज) महिला अधिकार मैत्री गाँउपालिकाको रुपमा पहिचान स्थापित गर्न र

(झ) महिलामैत्रि लक्षित कार्यक्रम तय गर्ने।

**४. टोल विकास संस्थास्तरीय महिला समुह गठन :**

(१) गाउँपालिकाको प्रत्यक टोल विकास संस्थामा महिला मात्र रहने गरी सात देखि एघार सदस्य सहितको एक महिला समुह गठन हुने छ।

(२) उपदफा (१) बमोजिम गठन हुने महिला समुहमा वडाका जनप्रतिनिधि, टोल बिकास सस्थाका पदाधिकारीहरु तथा वडा वासिहरुको भेलाबाट अध्यक्ष तथा सदस्य रहेको एक महिला समुह सञ्चालन समिति गठन हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

(३) उपदफा (२) बमोजिम गठन हुने महिला समुह सञ्चालन समितिका पदाधिकारीहरुले सहमतिका आधारमा प्रत्यक दुई बर्षमा आफू पदाधिकार रहेका पद हेरफेर गर्न सक्नेछन् ।

(४) महिला समुह सञ्चालन समितिले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भुमिका निर्वाह गर्नेछन्

**५. वडास्तरिय महिला समुह सञ्चालन समिति गठन :**

(१) वडा भित्र प्रत्यक वडामा टोल विकास संस्थाका महिला समुह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडा स्तरीय महिला समुह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्य रहनेछन् ।

**६. वडास्तरीय महिला समुह सञ्चालन समितीको काम तथा कर्तव्य :**

(१) वडास्तरीय महिला समूह सञ्चालन समितीले देहायका कार्य गर्नेछ :

(क) महिलाका सबालका षियमा वडा समितीलाई आबश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्याक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भुमिका निर्वाह गर्ने ,

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभुत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका सत्य तथ्य तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरि लागू गर्ने ।

**७. गाउँपालिकास्तरीय महिला समुह सञ्चालन समिति गठन :**

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सास्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिकास्तरीय महिला समुह सञ्चालन समिति गठन गरिनेछ , जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यमध्ये एकजना महिला सदस्य : -अध्यक्ष

(ख) वडास्तरीय महिला समुह सञ्चालन समितिका अध्यक्ष : -सदस्य

(ग) स्थानिय सहकारीका महिला एक जना -सदस्य

(ङ) गैरसरकारी सस्थाका महिला प्रतिनिधी एक जना सदस्य : -सदस्य

(च) विभिन्न राजनितीक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधी दुई जना : -सदस्य

सदस्य-सचिव

(छ) महिला विकास शाखा प्रमूख :

**८. गाउँपालिकास्तरीय महिला समुह सञ्चालन समितिको काम र कर्तव्य :**

गाउँपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायका कार्यहरु गर्नेछन् ।

(क) महिला अधिकार, महिलाका विविध सवालहरुका बिषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय महिला समुह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आबस्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(घ) महिलालाई सुरक्षित माातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आबस्यक सुझाव सल्लाह दिने,

(ङ) महिला विरुद्द धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आबश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आबश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अबसर प्रदान गर्न पहल गर्ने ।

**९. महिला समुह सुचिकृत हुनुपर्ने :**

(१) प्रत्यक टोलमा गठन हुने महिला समुह गाउँपालिकाको महिला शाखामा सुचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागी महिला समुहले वडाको सिफारिस सहित पेश गर्ने निबेदनको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ ।

(३) महिला समुह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निबेदन पेश गरेमा गाउँपालिकाले अनुसूची -२ बमोजिम महिला समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समुहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समुह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नँया महिला समुह गठन हुनेछ ।

**१०. एक टोल विकास संस्था एक महिला समुह हुने :**

प्रत्यक टोल विकास संस्थामा एक भन्दा बढी महिला समुह रहने छैनन् ।

**११. पुरस्कृत गर्ने :**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समुहलाई गाउँपालिकाले उपयुक्त अबसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१२. महिला समुहको काम :**

टोल विकास सस्थामा गठन हुने महिला समुहले देहाय बमोजिमको कार्य गर्नेछन् :

(क) सहकारी तथा गैरसरकारी संस्थाहरुको सुमधुर सम्बन्ध स्थापित गरी महिला समुहको उत्थानमा सहजीकरण गर्ने,

(ख) गाउँपालिका तथा वडामा सक्रिय सहभागिता जनाउने,

(ग) एच.आई.भि एड्स, अन्धविश्वास, कुरीति, रजश्वला हुदा अछुत हुने प्रथा, बाल बिबाह, बहुविबाह जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(घ) धुम्रपान तथा मध्यपान निषेध गर्ने, जुवातास गर्नेजस्ता कार्यहरु बन्द गरी नमुना गाउका रुपमा स्थापित गर्दै लैजाने,

(ङ) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भुमिका निर्वाह गर्ने,

(च) समानतामा आधारीत पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एंवम चनाखो हुने,

(छ) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, सस्कृतिको प्रदर्शनमार्फत आन्तरिक तथा वाह्य पर्यटन प्रबर्द्धनमा सहयोग पुऱ्याउने ।

**१३. नाम जुराउनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय महिला समुहको नाम सोहि महिला समुहको निर्णय अनुसार जुराउनु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम जुराइएको महिला समुहको नाम गाउँपालिकाको महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भैसकेका अन्य महिला समुहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नयाँ महिला समुहले पुन: निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराइ दर्ता गराउनु पर्नेछ ।

१४. यो कार्यविधि प्रचलित संघ प्रदेश तथा महाकुलुङ गाउँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बूँदाहरु स्वत: खारेज हुनेछन् ।

१५ यो कार्यविधि कार्यन्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची १

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

### महिला समुहलाई गाउँपालिकामा दर्ता गर्ने निबेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,

महाकुलुङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

विषय : महिला समुह दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस महाकुलुङ गाउँपालिका वडा नं. ..........को ..............टोल विकास संस्थामा गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको ................ .....................महिला समुहलाई यस गाउँपालिका कार्यलयमा दर्ता/सुचीकृत गरी महिला समुह प्रमाण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

तपसिल

| सि.न | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(नोट : महिला समुह दर्ता गर्न आबस्यक कागजातहरु : भेलाको निर्णय, वडाको सिफारीस, टोल विकास संस्थाको प्रमाणपत्रको प्रतिलिपि, महिला समुहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदन)

निवेदक :

अध्यक्षको नाम :

महिला समुहको नाम :

ठेगाना :

अनुसूची २

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

महिला समूहको दर्ता प्रमाण-पत्र

महाकुलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

बुङ, १ सोलुखुम्बु

दर्ता नं

मिति: २०७ / /

प्रमाणपत्र

महाकुलुङ गाउँपालिका वडा न........... स्थित:.............................. टोल विकास संस्थामा गठन भएको:.............................. **महिला समुह** लाई यस कार्यलयमा मिति............ मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस गाउँपालिकाका महिलाहरुको हित प्रवर्द्धन गर्ने, महिला शसक्तिकरण गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने सामाजिक विकृती, विसङ्गतीका विरुद्ध आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समुहको उल्लेखनीय भुमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको सुभकामना व्यक्त गर्दछु ।

प्रमुख प्रशाकिय अधिकृत

नाम : ..................